# इटहरी उपमहानगरपालिका
# Itahari Sub-Metropolitan City
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

(शिक्षा, युवा तथा खेलकुद शाखा)
इटहरी, सुनसरी
Itahari, Sunsari

प.सं./Ltr. No. :- २०८१/८२ | कोसी, प्रदेश, नेपाल
च.नं./Ref. No. :- 948 | Koshi Province, Nepal

मितिः २०८१/१०/१९

विषयः <u>राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८१ मा सहभागिता सम्बन्धमा ।</u>

श्री सबै माध्यमिक सामुदायिक तथा संस्थागत विद्यालयहरु मात्र
इटहरी उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार मिति २०८१/११/१८-२० गतेसम्म विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएको हुँदा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, ७० (पाँचौं संशोधनसहित) कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्षभन्दा **(जन्म मिति २०६३/११/१८ गतेदेखि माथिको विद्यार्थीहरुले मात्र सहभागी हुन पाउने)** मुनिका विद्यार्थीहरुले यसै पत्रसाथ संलग्न ढाँचामा आवेदन भराई मिति २०८१/११/१० गते दिउँसो २:०० बजेभित्र शिक्षा शाखामा बुझाई सक्नुपर्ने जानकारी गराइन्छ ।

तपसिलः

मितिः २०८१/११/१८-२० गतेसम्म

समयः बिहान ७:०० बजेदखि

स्थानः इटहरी रङ्गशाला, इटहरी

समावेश गरिने खेलहरुको विवरणः

१. भलिबलः छात्र/छात्रा दुवै ९/९ जना मात्र

२. कबड्डीः छात्र/छात्रा दुवै ९/९ जना मात्र

३. एथ्लेटिक्स

(क) दौड (ट्र्याक) तर्फः

छात्रः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि. र ३००० मि.

छात्र रिलेतर्फः ४ गुणा १०० मि. र ४ गुणा ४०० मि.

छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि. र ३००० मि.

छात्रा रिलेतर्फः ४ गुणा १०० मि. र ४ गुणा ४०० मिटर

(ख) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङ्जम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड

छात्राः हाइजम्प, लङ्जम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटफुट ८ पाउन्ड

४. मार्सल आर्ट तर्फः

(क) कराँतेः

छात्रः U "४२" के.जी, U "४७" के.जी., U "५२" के.जी., U "५७" के.जी., U "६२" के.जी., मुनी समूह, काता एकल

छात्राः U "४०" के.जी, U "४५" के.जी., U "५०" के.जी., U "५५" के.जी., U "६०" के.जी., मुनि समूह, काता एकल

(ख) तेक्वान्दोः

छात्रः U "४५" के.जी, U "४८" के.जी., U "५१" के.जी., U "५५" के.जी., U "५९" के.जी., मुनि समूह र एकल पुम्से

छात्राः U "४२" के.जी, U "४४" के.जी., U "४६" के.जी. U "४९" के.जी., U "५२" के.जी., मुनि समूह र एकल पुम्से

(ग) उसुः

थाउलो तर्फः-

छात्रः Chang Quan, Nan Quan, and Taiji Quan

छात्राः Chang Quan, Nan Quan, and Taiji Quan

सान्सौं तर्फः-

छात्रः- ४२ के.जी., ४५ के.जी., ४५ के.जी

छात्राः- ४२ के.जी., ४५ के.जी., ४५ के.जी

# इटहरी उपमहानगरपालिका
# Itahari Sub-Metropolitan City
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
(शिक्षा, युवा तथा खेलकुद शाखा)
इटहरी, सुनसरी
Itahari, Sunsari

प.सं./Ltr. No. :- २०८१/८२
च.नं./Ref. No. :- ९५८

कोसी, प्रदेश, नेपाल
Koshi Province, Nepal

**खेलका नियमहरु:**

१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौं संशोधन २०८०/०८/११) अनुसार खेल खेलाइनेछ ।

२. चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययन गरिरहेका १८ वर्ष मुनिका विद्यार्थीहरुले मात्र सहभागी हुन पाउनेछन् र सहभागी खेलाडी मिति २०८१/११/१८ गतेसम्म १८ वर्ष ननाघेको हुनुपर्ने छ

३. प्रतियोगितामा सहभागी दर्ता मिति २०८१/११/०९ गते २:०० बजेभित्र गरिसक्नुपर्ने छ । खेलाडीको नाम दर्ता गराउँदा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौं संशोधन) को अनुसूची १ बमोजिमको फाराम (यसै साथ संलग्न गरिएको) भरी बुझाउनुपर्ने छ । फाराममा विद्यार्थीको फोटो टाँसी प्रधानाध्यापकले छापसहित प्रमाणित गरी अनिवार्य रुपमा जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र IEMIS २०८१ मा विद्यार्थी प्रविष्ट भएको प्रमाणित विवरणसहित पेस गर्नुपर्ने छ ।

४. एथ्लेटिक्स छात्र/छात्रा दुवै इभेन्टमा एक जना खेलाडीले दुई फिल्ड एक ट्याक वा दुई फिल्ड एक ट्र्याकमा मात्र सहभागी हुन पाउनेछन् ।

५. प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु, एक जना प्रशिक्षक र १ जना टिम म्यानेजर पठाउनुपर्ने छ ।

६. प्रतियोगितामा सहभागी हुने प्रत्येक विद्यालयबाट प्रधानाध्यापक/खेल शिक्षक तथा सहभागी खेलाडी विद्यालयको झन्डा र विद्यालयकव पोसाकमा अनिवार्य रुपमा मार्चपासमा भाग लिनुपर्ने छ ।

७. सहभागी खेलाडी विद्यार्थीहरुका लागि खेलअनुसारको पोसाक र खाजाको व्यवस्था सम्वन्धित विद्यालयले नै गर्नुपर्ने छ ।

८. प्रतिगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालय र खेलाडीलाई शिल्ड, मेडल, ट्रफि र प्रमाणपत्र प्रदान गरिनेछ ।

९. प्रतियोगिता अवधिमा खेलमा कुनै विवाद भएमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय नै अन्तिम हुनेछ ।

# इटहरी उपमहानगरपालिका
# Itahari Sub-Metropolitan City
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
(शिक्षा, युवा तथा खेलकुद शाखा)
इटहरी, सुनसरी
**Itahari, Sunsari**
कोसी, प्रदेश, नेपाल
Koshi Province, Nepal


प.सं./Ltr. No. :- २०८१/८२
च.नं./Ref. No. :- ९६४

१०. प्रोटेस्टका सम्बन्धमा भने सम्बन्धित खेल समापन भएको १५ मिनेट भित्र निवदेन दस्तुर रु २,०००।— (अक्षरेपि: दुई हजार मात्र) को राजश्व बुझाएको भौचरसहित सम्बन्धित खेलको टिम व्यवस्थापक/प्रधानाध्यापक शिक्षा युवा तथा खेलकुद शाखामा उपस्थिति हुनुपर्ने छ ।

११. प्रतियोगितामा मापदण्ड विपरितका खेलाडीले पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक निटकतम् प्रतिस्पर्धी खेलाडी/विद्यालयलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड विपरितका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारबाही स्वरुप बाँकी खेलमा सहभागी गराइने छैन ।

१२. एउटै खेलाडी एक भन्दा बढी खेलमा सहभागी भएको भए प्रत्येक खेल अनुसारको छुट्टाछुट्टै फाराम भरी बुझाउनुपर्ने छ ।

१३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने विद्यालय/खेलाडीले तपसिलको खेल व्यवस्थापक सँग सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | खेलको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | एथ्लेटिक्स | जितेन्द्र चौधरी | ९८४२५४१८८८ | |
| २ | भलिबल | राज राई | ९८४८६४५४९४ | |
| ३ | तेक्वान्दो | सन्तोष घिमिरे | ९८०७३४७७७१ | |
| ४ | कराँते | समिर पोखरेल | ९८५२०५५७८३ | |
| ५ | उसु | दिपक कार्की | ९८२९३२२८९७ | |
| कार्यालय सम्पर्क ०२५-५९०१०४ | | | | |

१४. अन्य विषयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोता सञ्चानल निर्देशिका, २०७० (पाँचौं संशोधन) बमोजिम हुनेछ ।

रमेशकुमार साह

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा: (कार्यालयको वेवसाइटमा अपलोड गरिदिने)

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने खेलाडी भर्ने नमूना फाराम

इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी ।

१. सहभागी विद्यार्थीको नाम:

२. विद्यालयको नाम/ठेगाना:

३. अध्ययनरत कक्षा:

४. जन्म मिति:

५. सहभागी हुने खेल:

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर:

७. सहभागी खेलाडीको सम्पर्क नम्बर:

८. इमिस आइडी:

उल्लिखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने:

| विद्यालयबाट छनोट भएमा | स्थानीय तहबाट छनोट भएमा | जिल्लाबाट छनोट भएमा | प्रदेशबाट छनोट भएमा |
|---|---|---|---|
| धानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिवको | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| ामः | नामः | नामः | नामः |
| स्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| ितिः | मितिः | मितिः | मितिः |
| ोन नम्बरः | फोन नम्बरः | फोन नम्बरः | फोन नम्बरः |
| ्घालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |